राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

शाखा कार्यालय, आठबिसकोटका लागि घर बहालमा लिने बारे सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०६/०९)

यस बैंकको प्रस्तावित शाखा कार्यालय, आठबिसकोटको लागि तपशिलमा उल्लेखित स्थान भित्र पानी, बत्ती बिजुली, टेलिफोन, पार्किङ्ग सुविधा, घरको भुई तल्लामा ATM मेशिन जडान गर्ने सुविधा, जेनेरेटर, सौर्य उर्जा उपकरण राख्ने सुविधा लगायत बैकिङ्ग व्यवस्था संचालन गर्न उपयुक्त सुरक्षा व्यवस्था भएको जिल्ला रुकुमपश्चिम आठबिसकोट नगरपालिकाको केन्द्र राडीज्युलाको बिचभागमा रहेको नेत्रचोक (पिपलबोट)देखि जनयूद्ध सडक खण्डको सुर्योदय बचत तथा ऋण सहकारी संस्था सम्म तथा क्याम्पस रोड सडक खण्ड अन्तरगत नेपाल विद्युत प्राधिकरण सम्म, नेत्र चोक देखि आठविसकोट नगरकार्यपालिकाको कार्यालय सम्म पहिलो र दोस्रो तलामा गरी कम्तीमा ४ वटा टवाइलेट भएको सुविधा सम्पन्न कम्तीमा २००० बर्गफिट देखि माथिको क्षेत्रफल भएको पक्की घर बहालमा लिनको लागि तपसिलमा उल्लेखित शर्त बमोजिम बैंकको लागि घर भांडा दिन इच्छुक घर धनीहरुले भांडामा दिन चाहेको घरको चार किल्ला प्रमाण पत्र, घर/जग्गा धनीको प्रमाण पुर्जा, नेपाली नागरिकताको प्रतिलिपि, घरको नक्सा तथा बैंकले उपलब्ध गराएको बोलपत्र फारममा माग भए अनुसारको आवश्यक विवरण भरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

क्र.सं.	प्रस्तावित शाखा कार्यालय	स्थान
१	आठबिसकोट, जिल्ला–रुकुम पश्चिम	**राडीज्युलाको बिच केन्द्र नेत्रचोक (पिपलबोट) देखि जनयूद्ध सडक खण्डको सुर्योदय बचत तथा ऋण सहकारी संस्था सम्म, तथा नेत्र चोक देखि क्याम्पस रोड सडक खण्ड अन्तरगत नेपाल विद्युत प्राधिकरण सम्म, नेत्र चोक देखि आठविसकोट नगरकार्यपालिकाको कार्यालय सम्म अबस्थित भवन ।**

अन्य शर्तहरु:

१) यस बैंकको आम्दानी अन्य (९५०५०६२६०१) हिसाबमा उपरोक्तानुसारको बोलपत्र दस्तुर बापतको रकम रु. ५००/- (पछि फिर्ता नहुने) यस बैंकको कुनैपनि शाखामा जम्मा गरी सो को सक्कल अर्धकट्टी भौचर यस कार्यालयमा पेश गरेपछि बोलपत्र फाराम प्राप्त हुनेछ ।

२) बोलपत्र दिंदा खाम बाहिर ***घर बहालमा दिने बारेको शिलबन्दी बोलपत्र*** भनि स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३) बोलपत्र साथ संलग्न गरिने आवश्यक कागजातहरुको प्रतिलिपिहरु प्रमाणित गरी/गराई संलग्न गर्नु पर्नेछ ।

४) बोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ । केरमेट भएको हुनु हुदैन । कथम् कदाचित अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखिएको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

५) प्राप्त हुन आएका बोलपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औं दिन (२०८१/०६/२४गते) बिदा परेकोले मिति २०८१/०६/२९ गते दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस बैंकको **शाखा कार्यालय नलगाड जाजरकोट**मा खोलिने छ । तर प्रतिनिधिहरु अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६) बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता गर्ने वा खोल्ने कार्य हुनेछ ।

७) म्याद नाघी वा रित नपुगी दर्ता भएको बोलपत्र उपर केहि कारवाही हुनेछैन ।

८) घटी वा बढी बोलपत्र स्वीकृत गर्ने अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने आदि सम्पुर्ण अधिकार यस बैंकमा नै सुरक्षित रहनेछ, सो को कारण प्रकाशमा ल्याइनेछैन ।

९) बोलपत्र स्वीकृत भए पछि सम्बन्धित घर धनीले बैंकले चाहे अनुसारको आवश्यक संरचना परिवर्तन गर्ने कार्य र घरको बीमा स्वयं गर्नु पर्नेछ । सो को लागि थप रकम उपलब्ध गराईने छैन ।

१०) घर बहालको अवधि १० बर्षको हुनेछ ।

११) घर बहाल भुक्तानी दिंदा नेपाल सरकारको नियमानुसार लाग्ने कर अग्रिम रुपमा कटाई बाकि रकम मात्र भुक्तानी हुनेछ ।

१२) घर धनीले करार अवधि भित्र बैंकलाई हटाउन चाहेमा बैंकले निजको घरमा फर्निसिङ्ग गरेको पट्टा सम्पतिको ह्रास कट्टी गरी बाकि रहेको रकम क्षतिपुर्ति स्वरुप घरधनीले बैंकलाई अनिवार्य रुपमा भुक्तानी गर्नु पर्नेछ ।

१३) अन्य शर्त बोलपत्र कागजातमा उल्लेख भए अनुसार नै हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र **शाखा कार्यालय नलगाड जाजरकोट**मा सम्पर्क राखि बुझ्न सकिनेछ ।

१४) बैंकले घर छोड्न चाहेमा करार ऐन बमोजिम घरधनीलाई ३५ (पैतिस) दिनको अग्रिम सूचना दिई बैंकले घर छोड्न सक्नेछ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
तपाईंको आफ्नै बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, नलगाड, जाजरकोट
सम्पर्क नं. ९८५८०६७४६७
फोन नं ०८९-५९४१२२